वि.सं. १९५८ देखि निरन्तर प्रकाशित गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ॥

निरोगी सबै हुन् सबै हुन् सुखीता ।
सबै भेद देखुन् नहुन् को दुःखीता ॥

GORKHAPATRA DAILY

# सार्वजनिक सेवा र परीक्षणबारे बहस

■ सोलुखुम्बु समाचारदाता

सोलुखुम्बु, वैशाख ४ गते। सोलुखुम्बुका एक नगरपालिकासहित १८ गाविसमा सार्वजनिक परीक्षणका विषयमा छलफल गरिएको छ। कुनै योजना सम्पन्न भएपछि योजनास्थलमा उपभोक्ता समितिले स्थानीय सरोकारवालाबीच योजनाको लागतका विषयमा पारदर्शी हुन सार्वजनिक परीक्षण गरिन्छ।

हिमशिखर बहुउद्देश्यीय संस्थाअन्तर्गत स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालना अनुगमन परियोजनाले आयोजना गरेको सार्वजनिक परीक्षण र नागरिक अधिकारयुक्त सेवा विषयक क्षमता अभिवृद्धि कार्यक्रम गरिएको छ।

सो अवसरमा सोलु दूधकुण्ड नगरपालिकाका कार्यकारी अधिकृत इन्दिरा थापाले योजनामा पारदर्शिता र अनियमितताको आरोपबाट बच्न पनि सार्वजनिक परीक्षण आवश्यक रहेको बताउनुभयो। थापाले योजनास्थलमै परीक्षण गर्न र नगरपालिकाका कर्मचारीको तर्फबाट कुनै समस्या आएमा निर्धक्क भएर आफूलाई भन्न आग्रह गर्नुभयो।

सोलु दूधकुण्ड नगरपालिकाका विभिन्न वडा नागरिक मञ्चका पदाधिकारी तथा उपभोक्ता समितिका पदाधिकारी सहभागी सो कार्यक्रममा सार्वजनिक परीक्षण के हो, कसरी गर्ने ? यसको आवश्यकता के भन्ने विषयमा छलफल गरिएको थियो। कार्यक्रममा सहभागीहरूले सार्वजनिक परीक्षणका बखत देखिने समस्या सुनाएका थिए भने परियोजनाका तर्फबाट समाधानका उपायहरू तथा नीति नियमका व्यवस्थाका बारेमा जानकारी गराइएको छ।

यस्तै, कार्यक्रममा नागरिकले अधिकारका रूपमा प्राप्त गर्ने सेवाहरू सामाजिक सुरक्षा भत्ता, लक्षित वर्ग बजेटलगायत विभिन्न कार्यालयबाट प्राप्त हुने सेवा सुविधा र त्यो खोजी गर्नुपर्ने नागरिक दायित्वका विषयमा समेत छलफल गरिएको थियो।

परियोजनाले जिल्लाका साविकका विभिन्न र एक नगरपालिकामा यस किसिमको छलफल सम्पन्न गरेको जनाएको छ। यसअघि विभिन्न योजनामा सार्वजनिक परीक्षण कागजमा मात्र सीमित भएको गुनासो आइरहेको र तालिमपश्चात् सुधार देखिएको एलजीएफ सोलुखुम्बुका संयोजक भोजेन्द्र बस्नेतले जानकारी दिनुभयो।

संस्थाले साविक जिल्ला विकास समितिसँगको समन्वयमा जिल्लामा सञ्चालित १० वटा ठूला योजनाको सार्वजनिक परीक्षणसमेत गर्दैछ।